

# १० विभिन्न शैक्षिक कला तथा विषयहरु र विज्ञानहरुमा शिक्षा

***<u>यस अध्यायका मूल पदहरू:</u>*** रोमी १:१८-२१, भजन १९:१-६, ९६:१-६, ९६:९, १ तिमोथी ६, हितोपदेश १ र अय्यूब ३८।

***<u>यस अध्यायको मूल सार पद:</u>*** "सारा जगतले परमेश्वरको महिमाको वर्णन गर्छ। र आकाश तथा तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ।" (भजनसंग्रह १९:१ रूपान्तरित)।

शिक्षा भन्नाले त्यस अध्ययनमा धेरै विषयहरू समेतिएका छन्। त्यसलाई "द आर्ट एण्ड साइन्सेस अर्थात् कला वा अध्ययन गर्ने विभिन्न विषयहरू र विज्ञानहरू" भनेर कहलाइन्छ। तर जब हामीले विभिन्न विषयहरू र विज्ञानहरू बाइबलको दृष्टिकोणले सिकाउनु भनेको के अर्थ हो? के आधुनिक इतिहास जस्ता विषयबस्तु वा चिकित्सा विज्ञान अध्ययन गर्दा त्यसको कुनै पक्षलाई समर्थन गर्न बाइबलका पदहरू खोजि निकाल्नेमात्र हो त? हो यसो गर्दा निःसन्देह यस जटिल विश्वमा परमेश्वरको सृष्टिको अचम्म लाग्दो शक्तिलाई व्यवहारिकरूपमा हेर्न त सक्दछौं। तर स्कूल तथा कलेज वा विश्वविद्यालयहरूमा पढ्ने पाठ्यपुस्तकहरूमा बाइबलका केही पदहरू समावेश हुनु भनेको सही वा सत्य शिक्षाको केवल सानो भागमात्र हो। हामीले चर्चा गरिरहेको शिक्षा भनेको त्यस शिक्षा हो जसले मानिसलाई पापबाट उद्धार गर्छ र मुक्ति दिन्छ।

त्यस खालको शिक्षालाई सही रूपमा प्रयोगमा ल्याउँदा हामीलाई परमेश्वरको वचनको आवश्यकता छ जसले प्रत्येक विषय सिकाउँदा परमेश्वरको वचनले के भन्छ सो थाहा पाउनु जरुरी छ। कुनै मानवशास्त्र होस वा मल्युक्यलर बायलोजी जस्ता शुक्ष्म विज्ञानशास्त्र नै किन नहुन्-ती विषयहरूमा

परमेश्वरको वचनले के भन्छ सो खोजनिति गर्नु जरुरत छ। यो बिना परमेश्वरको महानता, उहाँको सार्वभौमिसत्ता र यस संसारलाई संभारकर्ताको ज्ञानलाई पन्छाइन्छ। जब यस संसारको भौतिक र लक्ष्यले भरिएको सृष्टिलाई परमेश्वरको दृष्टिकोण कस्तो छ सो सिक्न सक्यौं वा सिकाउन सक्यौं भने हामीले सिकाउने विषयहरू अझै नजिकै हेर्न सक्दछौं र हामीले के पढाउनुपर्ने हो त्यसको ज्ञान हामी प्राप्त गर्न सक्छौं।

जब हामीले कुनै पनि कला वा विषयवस्तुहरू वा विज्ञानहरू सिकाउँछौं तब इसाई दृष्टिकोणले हेर्ने र सांसारिक दृष्टकोणले हेर्ने नीतिहरूमा के समावेश हुँदो रहेछ यस अध्यायमा हामी हेर्नेछौं।

## १. केवल एकल परमेश्वरमात्र

परमेश्वरको सारा सृष्टिमा जीवित परमेश्वरको अस्तित्व भएको प्रमाणित गर्दछ। हो, यो भनाई कतिपटक दोहोरिएकोले यो भनाईको खास तात्पर्य सेलाएर गएको पाइएको छ। उदाहरणमा जब हामी सोच्छौं कि यस संसार सृष्टि गरिन्दा परमेश्वरले कस्तो दिमाग वा मनले सृष्टि गर्नुभयो होला भनेर सिकाउँछौं तब हामीले सिकाउने विभिन्न विषय र विज्ञानहरूको अझ नजिक भएर उत्तम तरिकाले सिकाउन सक्छौं। यस संसारमा मानव जातिका विभिन्न उपलब्धीहरूले गर्दा क्षतबिक्षत त भइरहेको छ तर मानवी दृष्टिकोण होइन परमेश्वरको दृष्टिकोण कस्तो थियो भनेर थाहा पाउन सकियो भने हामीलाई सिकाउने शिक्षण कलाहरू अर्थमूलक हुनसक्छ।

उदाहरणमा आमाको गर्भमा बालक हुर्कने समयलाई हामी हेरौं। बायोलोजी वा जीव विज्ञानले हामीलाई भन्छ कि एउटा मानव भ्रुणबाट वौद्धिक मानव आमाको गर्भमा हुर्कन ९ महिनापछि पूरा हुन्छ। आमाको गर्भमा विस्तारै विस्तारै वच्चा हुर्किने चक्रमा परमेश्वरका छापहरू हुन्छन्। जब भ्रुणको बिकास हुँदै जान्छ तब प्रिय परमेश्वरको दया त्यहाँ देखिएको हुन्छः त्यो कहाँ हुन्छ भने आमाको नियमितरूपमा ढुकढुक गर्ने मुटुको ठ्याक्कै मुन्तिर हुन्छ। जब भ्रुण ठूलो हुँदै गर्छ तब गर्भवती आमाको पेट पनि ठूलो हुँदै जान्छ। त्यो ठूलो भएको पेट सबैले देख्न सकिन्छ। जसर आमाले आफ्नो पेटमा बच्चा भएको महसुस सधैं गरिरहन्छ त्यसरी नै हाम्रा परमेश्वर पिता पनि उहाँका सन्तानहरूको बारेमा सधैं महसुस गरिरहनु हुन्छ।

परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुभएको हैशियतले उहाँको कामको बारेमा देहायका पदहरूले हामीले के भन्छ? हेर्नुहोस्, रोमी १:१८-२३ "१८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन। २१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।", भजन १९:१-६ "१ सारा जगत वा आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ। २ हरेक दिन तिनीहरूले वार्तालाप गर्छन्, र हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन्। ३ कुनै बोली छैन, न भाषा छ, जहाँ तिनीहरूको सोर सुनिँदैन। ४ तिनीहरूको सोरले सारा पृथ्वी गुञ्जायमान छ, तिनीहरूका शब्द पृथ्वीको सीमान्तसम्मै पुगेका छन्। उहाँले आकाशमा सूर्यको निम्ति एउटा वासस्थान बनाउनुभएको छ। ५ ऊ विवाह-मण्डपबाट निस्केको दुलहाजस्तै छ, एक जना विजेताझैं, जो आफ्नो दौड दौड्नमा हर्षित हुन्छ। ६ आकाशको एक छेउमा उसको उदय हुन्छ, र अर्को सीमासम्म परिक्रमा गर्छ। त्यसको तापबाट केही कुरा लुकेर रहँदैन।" र नेहमिया ९:६ "तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्।"

**६,००० वर्षको पापले क्षतविक्षत भएको र हजारौं वर्षपछिको विश्व्यापी महाप्रकोप जलप्रलयपछि पनि कुनै न कुनै तरिकाले परमेश्वर हाम्रो सृष्टिकर्तामात्र होइन उहाँको शक्ति, प्रेम र उदारताको प्रमाणले उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाइरहेकोछ। परमेश्वरको अस्तित्वको प्रमाण यस्तो शक्तिशाली वा**

प्रभावकारी छ कि पावलले रोमी १:१८-२१मा परमेश्वरलाई तिरस्कार गर्नेहरूले न्यायको दिनमा "परमेश्वरलाई चिन्हेको छैन न त उहाँको बारेमा थाहै" भन्ने कुनै पनि बहाना पाउनेछैन। भनाईको तात्पर्य यही होकि प्रत्येक मानिसले परमेश्वरको बारेमा थाहा पाउन वा उहाँको अस्तित्वलाई सकार्न उहाँले गर्नुभएको सृष्टिबाट सिक्न सक्दछ। तिनीहरू जतिसुकै परमेश्वरको बारेमा आफ्नो अज्ञानता देखाउन प्रयास गरेतापनि न्यायको दिनमा परमेश्वरले तिनीहरूको बिन्तिलाई सुन्नुहुनेछैन।

आजको युगमा धेरै मानिसहरूले सृष्टिकर्तालाई भन्दा सृष्टिलाई नै पूजा गरिरहेको छ। यस परिप्रेक्ष्यमा इसाई शिक्षामा समावेश हुने कला वा विभिन्न विषय र विज्ञानहरूमा परमेश्वरको अस्तित्वलाई स्विकार्नु र उहाँको संभारकर्तालाई कदर गरेर प्रस्तुत गर्नु जरुरी छ। अन्तमा आएर हामी यो भन्न सक्दछौं कि कुनै पनि दर्शन, शिक्षा, धारणा वा जुनसुकै विद्वान हुँ भनेर हुँकार गर्ने मानिसहरूले यदि परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्छ वा उहाँको अस्तित्व केवल अनुमानितमात्रै हो भनेर सिकाउँछ भने त्यो गलतमात्र ठहरिन्छ। संसारले दिने शिक्षादीक्षामा सबै थोक हुन्छन् तर परमेश्वरको स्थायित्वलाई पन्छाएका हुन्छन्। इसाई शिक्षा यस्तो गहिरो धरापमा पर्नुहुन्न। परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्ने कुनै पनि चलाकी नीतिहरूबाट सही इसाई शिक्षा अलग हुनुपर्छ। यस संसारमा विभिन्न विद्वान, वैज्ञानिक, दार्शनिक आदिहरूले भरिएर यस संसारको जतिसुकै प्रगति भएको देखाएतापनि परमेश्वरको अस्तित्वलाई स्वीकारेन भने ती सबै खल्याङ्गखुलुङ्ग हुनेछ वा मानिसलाई गलत दिशातिर लगाइरहेको हुन्छ।

यस संसारको सृष्टिमा भएका अविश्वसनीय अचम्म कृति र सौन्दर्यतालाई हेर्नुहोस्। पापको क्षतबिक्षतपछि पनि ती कायम भइरहेको हामी पाउँछौं। दुःख, कष्ट, परिक्षा आदिको समयमा पनि तिनीहरूबाट हामीले सान्त्वना र आशा कसरी लिन सक्छौं?

## २. पवित्रताको सौन्दर्यता

भजन ९६:९मा हामी पढ्छौं "उहाँका पवित्रताको वैभवमा परमप्रभुलाई दण्डवत् गर, हे सारा पृथ्वी, उहाँको सामु थरथरी होओ।" अर्थात् "परमेश्वरलाई उहाँको पवित्रताको सौन्दर्यतामा आराधना गर! हे, सारा संसारका मानिसहरू हो, उहाँको सामु थुरथुर काँप" (रूपान्तरित)।

"पवित्रताको वैभव वा सौन्दर्यता" भन्ने अवधारणालाई हामीले कसरी बुझ्ने? इसाईको निम्ति त्यसको अर्थ के हो र जुनसुकै विषयबस्तु हामी सिकाउँछौं त्यसमा सौन्दर्यता वा सुन्दरता किन देखिनुपर्छ?

**"सौन्दर्यता वा सुन्दरता हेर्ने मानिसको आँखामा भरपर्छ" भनेर हामी प्रायजसो भन्छौं, तर कसले आँखा बनाउनुभयो त्यसलाई हामीले बिर्सनुहुन्छ। हितोपदेश २०:१२मा यो ठोकुवा गरेर उल्लेख गर्छ "सुन्ने कान र देख्ने आँखा, ती दुवै परमप्रभुले नै बनाउनुभएको हो।" त्यसो भयो भन्दैमा परमेश्वरले सृष्टि गर्नुभएको सुन्दर सृष्टिहरूलाई ढोगेर पूजा गर्नुपर्छ भनेको होइन तर सृष्टिमा हामीले देख्न सकेको सुन्दरतामा परमेश्वरको बारेमा सिक्न सक्छौं र उहाँ सुन्दर कुराहरूलाई कस्तो प्रेम गर्नुहुन्दो रहेछ भनेर उहाँको चरित्रको बारेमा जान्न सक्छौं। हाम्रो पतित संसारमा त कतिपय सौन्दर्यता वा सुन्दर थोकहरू अहिले पनि पाउँछौं भने पतित नभएको संसारमा त झन कस्तो सौन्दर्यता होला? हो, परमेश्वर सुन्दर वा सौन्दर्यताको सृष्टिकर्ता हुनुहुन्छ भनेर यसले हामीलाई सिकाउँदछ।**

**विभिन्न विषय वा कला र विज्ञानहरूको अध्ययनले हामीलाई परमेश्वरको चरित्र र हृदयको नजिक हामीलाई ल्याउन सक्छ र सक्नु पनि पर्छ। हामी परमेश्वरको आफ्नै कलाको भाग हौं र उहाँले सृष्टि गर्नुभएको विज्ञानको सेरोफेरोमा हामी भएको हुनाले हाम्रो पहिचान येशूसँग कसरी हुनसक्छ भनेर धेरै कुराहरू सिक्न सक्छौं।**

**"हाम्रो पृथ्वीका घरमा सजाउनुभएको सरल र शान्त सुन्दरताको उहाँको कामलाई उहाँका सन्तानहरूले सराहना र खुशियालीसाथ मनाउन् भन्ने परमेश्‌वरको चाहना हो। उहाँ सौन्दर्यताको प्रेमी हुनुहुन्छ। उहाँले सबभन्दा ठूलो सराहना भनेको हामीमा भएको बाहिरी आकर्षित हाऊभाऊ भन्दा हाम्रो चरित्रमा भएको सुन्दरतालाई मन पराउनुहुन्छ। जसरी फूललाई शान्त सौन्दर्यले सिङ्गारिएको छ त्यस्तै हामीमा पनि शुद्ध र सरलताका गुणहरूलाई उत्पादन गरुन् भनि उहाँ चाहनुहुन्छ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइष्ट, पृ. ८५बाट रूपान्तरित।**

तर सुन्दर र आकर्षित थोकमात्र असल र पवित्र हुनैपर्छ छैन भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउँछ? उत्पत्ति ३:६ "जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर

खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।", हितोपदेश ६:२५ "तिम्रो मनमा त्यसको सुन्दरताको कारण कुइच्छा नगर, अथवा त्यसको आँखाले तिमीलाई नफसाओस्।" र हितोपदेश ३१:३० "सौन्दर्य भ्रमात्मक हुन्छ, र सुन्दरता उड़िजाने हुन्छ, तर परमेश्वरको भय मान्ने स्त्रीको नै प्रशंसा गरिनुपर्छ।"

**परमेश्वरले जसरी सबै थोक असलै बनाउनु भएतापनि, जसरी उत्पत्ति १:३१मा उल्लेख गरेको छ "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो।..." हाम्रो माझमा एक परम शत्रु छ जसले परमेश्वरले बनाउनुभएको थोकहरूलाई विगारेको छ र त्यसलाई आफ्नै इच्छा अनुसार शोषण गर्दछ। त्यसको अर्थ, सौन्दर्यता र सुन्दरताको अवधारणहरू पनि हाम्रो खिलाफमा वा हामीलाई विगार्न प्रयोग गरिन सक्दछ। त्यसकारण हामीले सिक्ने कुनै पनि शिक्षण कला वा विषयलाई धर्मशास्त्र बाइबलले अगुवाई गर्नु जरुरी छ। किनभने परमेश्वरको वचनले हामीलाई सिकाउँदछ कि सबै सुन्दर थोकहरू हाम्रो निम्ति असल वा पवित्र छ भन्ने छैन। परमेश्वरको वचनले कुनै पनि वस्तु वा व्यक्तिको सौन्दर्यतालाई हेर्ने दृष्टिकोणलाई होशियारी अपनाउन सहयोग गर्दछ।**

के केही सुन्दर थोकहरू छन् जुन पवित्र वा असलै छ भन्ने छैन? वा के के असल, राम्रो र सुन्दर थोकलाई परिस्थितिको भरमा अपवित्र वा खराब बनाउन सकिन्छ? कुन असल, सुन्दर छ भन्ने निर्णय गर्न कुन मानपदण्ड हामी प्रयोग गर्न सक्छौं?

## ३. गलत काम गर्न वा त्रुटी गर्न शिपालु

**हामीलाई थाहा छ यस संसारमा अनेकौं सिक्ने र सिकाउने कला वा विषयबस्तु र दर्शन विद्याहरू छन् जसले परमेश्वरको आदर गर्दैन। त्यस्तो खालको खेमा वा संयन्त्रमा इसाईहरू पस्नुपनि हुँदैन भनेर धेरैले तर्क गर्छन्। जब आफ्नै वा अरूको औद्योदिक काममा बन्दव्यापार गर्दा, कुनै स्थापित संस्थाहरूलाई सहयोग गर्दा र सञ्चारहरूले प्रसारण गरेका कुनै खबरहरूको पछि लाग्न सेभेन्थ-डे एडभेन्टिस्ट इसाई बढो होशियार हुनुपर्छ।**

१ तिमोथ ६मा केकुराहरूदेखि होशियार हुनुपर्छ र त्यसबाट अलग भएर बस्नुपर्छ भनेर प्रसस्त उदाहरणहरू दिएको छ। फेरि १ तिमोथी ६:९,१०मा के कुराहरूमा अलग हुनपर्छ भनेर पावलले चेतावनी दिन्छन्?

हेर्नुहोस् "१ दासत्वका जुवामुनि हुने सबैले आ-आफ्ना मालिकलाई पूरा सम्मानको योग्य ठानून्, ताकि परमेश्वरको नाउँ र हाम्रो शिक्षाको बदनामी नहोस्। २ विश्वासी मालिकहरूलाई तिनका कमाराहरूले विश्वासमा दाजुभाइ भन्दैमा अनादर नगरून्। बरु तिनीहरूले उनीहरूको झन् बढ़ी सेवा गरून्, किनभने तिनीहरूका सेवाबाट लाभ पाउनेहरू विश्वासी र प्रियहरू नै हुन्। यी कर्तव्यहरू पालन गर्न सिकाऊ, र आग्रह गर। ३ यदि कसैले अरू सिद्धान्त सिकाउँछ र हाम्रा प्रभु येशू ख्रीष्टको उचित वचन र ईश्वरभक्तिअनुसारको शिक्षासँग सहमत हुँदैन भने, ४ त्यो घमण्डले फुलेको हुन्छ, र त्यसले केही जानेको हुँदैन। त्यसले व्यर्थको वाद-विवाद गर्छ, र एक-एक शब्द लिएर झगड़ा गर्न खोजिहिँड्छ। यी कुराहरूले डाह, कलह, बदनामी र खराब शङ्काहरू उत्पन्न गराउँछन्, ५ र बुद्धि भ्रष्ट भएका र सत्यबाट अलग भएका मानिसहरूका माझमा कचिङ्गल उठाउँछन्, अनि भक्तिचाहिँ फाइदा उठाउने उपाय हो भनी तिनीहरू ठान्छन्। ६ सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। ७ किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। ८ तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं। ९ तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। १० किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्। ११ तर परमेश्वरका जन तिमीले यी सबै त्याग, र धार्मिकता, भक्ति, विश्वास, प्रेम, स्थिरता र नम्रताको लक्ष्य राख। १२ विश्वासको उत्तम लड़ाइँ लड़। अनन्त जीवन पक्रिराख। यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ। १३ सबै थोकलाई जीवन दिनुहुने परमेश्वर र पन्तियस पिलातसको अगाडि असल गवाही दिनुहुने ख्रीष्ट येशूको सामने, १४ म तिमीलाई आदेश दिँदछु, कि प्रभु येशू ख्रीष्ट देखा नपरुञ्जेल यस आज्ञालाई कलङ्क र अपवादबाट अलग राख। १५ अनि धन्य र सर्वोच्च, राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभुले उचित समयमा ख्रीष्टको आगमनलाई प्रकट गर्नुहुनेछ। १६ उहाँमा नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन। उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ। उहाँलाई नै आदर र पराक्रम

सदासर्वदा होस्। आमेन। १७ यस संसारका धनीहरूलाई घमण्डी नहुने आज्ञा देऊ, र अनिश्चित सम्पत्तिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरूले आशा राखून्। १८ तिनीहरूले असल कार्य गरून्, र असल कामहरूमा धनी, उदार-चित्त र दानी होऊन्। १९ यसरी आफ्नै लागि भविष्यको असल जग बसाल्न सकून्, ताकि तिनीहरूले त्यो जीवन पक्रिराखून् जो साँच्ची नै जीवन हो। २० तिमोथी, जे तिमीलाई सुम्पिएको छ, त्यो सुरक्षित राख। भक्तिहीन गनथन र खण्डनहरू, जो झूटो ज्ञान हो, तिनलाई परित्याग गर। २१ यी कुराहरूका पछि लागेर कति जना आफ्नो विश्वासको लक्ष्यबाट चुकेर गएका छन्। तिमीसँग अनुग्रह रहोस्।"

**१ तिमोथी ६:२०मा आफ्नो स्पष्ट धारणा राख्दा त्यसबाट अलगै बस भन्ने चेतावनी दिएको हेर्नुहोस् "...भक्तिहीन गनथन र खण्डनहरू, जो झूटो ज्ञान हो, तिनलाई परित्याग गर।" पावलले अर्कै सन्दर्भमा भनेको भएतापनि उनको नीति सबैमा लागु हुन्छ। हो, कतिपय मानव शिक्षा, उपलब्धी, दर्शनहरू, आस्थाहरू, विज्ञानहरू, अनेकौं अनुमानित धारणाहरू, अनेकौं तर्कहरू आदि मानव इतिहासमा अत्यन्तै गलत साबित गरिरहेको हामी पाउँछौं र पाइरहेका छौं। भूल गर्न मानिसहरू अत्यन्तै शिपालु छ।**

**२००० वर्षसम्म विश्वका अत्यन्तै चलाख, बुद्धिमानी, जान्ने विज्ञहरूले यस पृथ्वी ब्रम्हाण्ड वा जगतको केन्द्रमा नहल्ली बसरी रहेको छ र सारा तारा र ग्रहहरू यसको वरिपरि सिद्ध गोलाइमा घुमिरहेको छ भनेर विश्वास गरेका थिए। कतिपय अनेकौं जटिल गणित र विज्ञानहरूलाई प्रयोग गरेर त्यस धारणालाई पुष्टि गर्न खोजेको थियो। तर जतिसुकै प्रयास गरेर तिनीहरूको धारणालाई प्रमाणित गर्न खोजेतापनि त्यो गलत साबित भएको छ। त्यसकारण ती मानिसहरू गलत गर्न अत्यन्तै शिपालु थिए र तिनीहरूले सिकाएका कुराहरू "झठा ज्ञान" भन्दा अनर्थ लाग्दैन होला।**

जीव विज्ञान वा विकासवाद सिद्धान्तले खरबौं वर्ष लगाएर यस पृथ्वीमा अचानकसँग जीवनको सृष्टि भयो र त्यसमा परमेश्वरको केही संलघ्नता छैन न त त्यसको कुनै लक्ष्य नै छ भनेर अहिले पनि सिकाइरहेका छन्। यस शिक्षालाई पुष्टि गर्न अनेकौं अनगिन्ति वैज्ञानिक लेखहरू छापिएका छन्। मानिसहरू भूल गर्न सिपालु छन् भन्ने धारणालाई आत्मसात् गर्दा तिनीहरूले सिकाएका कुराबाट हामी के पाठ लिन सक्छौं? जतिसुकै महा वैज्ञानिक वा शास्त्रीहरू किन नहुन् तिनीहरू गलत गर्न सिपालु हुनसक्छ भन्ने कुरा थाहा

पाएर जब इसाई शिक्षालाई कार्यान्वन गर्छौं सिकाउने विषय र विशेष गरेर विज्ञानको विषयमा तब त्यसले कसरी प्रभाव पार्नुपर्छ?

## ४. मूर्खता र ज्ञानबुद्धि

हितोपदेशको पुस्तकले बुद्धि र मूर्खतालाई चिरफार गरेर हाम्रो समझ प्रस्तुत गर्छ। परमेश्वरबाट आउने ज्ञाबुद्धिलाई चुन्ने कि वा मानिसको आफ्नै तर्क वा मूर्खतालाई चुन्ने भन्ने आत्मनिर्णयको अधिकार परमेश्वरले सबैलाई दिनुभएको छ। हितोपदेश १ पढ्नुहोस् र त्यसमा सही र सत्य इसाई शिक्षा वा ज्ञानबुद्धि भनेको के रहेछ भनेर हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस "१ दाऊदका छोरा इस्राएलका राजा सोलोमनका हितोपदेशः २ जसद्वारा मानिसहरूले बुद्धि र अनुशासन प्राप्त गर्नेछन्, अन्तर्दृष्टिका कुराहरू बुझ्नेछन्, ३ एक अनुशासित र विवेकी जीवन जिउनेछन्, ४ सोझाहरू विवेकशील बन्नेछन्, जवानहरूले ज्ञान र बुद्धि प्राप्त गर्नेछन्। ५ बुद्धिमान्ले सुनून् र तिनीहरूको ज्ञान बढ़ोस्, र विवेकशील व्यक्तिलाई अगुवाइ मिलोस्, ६ जसद्वारा हितोपदेश र दृष्टान्तहरू, बुद्धिमान्को आह्वान र रहस्यका कुराहरू तिनीहरूले बुझून्। ७ परमप्रभुको भय नै ज्ञानको सुरु हो, तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्दछ। ८ हे मेरो छोरो, आफ्नो बाबुको आदेश सुन् र आफ्नी आमाको शिक्षा नत्याग्। ९ ती तिम्रो शिरमा शोभाको मुकुट, र तिम्रो गलामा सम्मानको हार हुनेछ। १० हे मेरो छोरो, यदि पापीहरूले तिमीलाई बहकाउन खोजे भने, तिनीहरूको बहकाउमा नलाग्। ११ तिनीहरू भन्लान्, "आऊ हामीसँग, कसैको रक्तपात गर्न ढुकिबसौं, कुनै निर्दोषलाई लुट्न ढुकिबसौं, १२ चिहानले निलेझैं, र गहिरो भड्खालोमा परी त्यसको पींधमा पुग्नेहरूलाई झैं, हामी तिनीहरूलाई पूरै जिउँदै निलौं। १३ हामी सबै किसिमका बहुमूल्य थोकहरू लिनेछौं, र लूटका मालसामानले हाम्रा घर भर्नेछौं, १४ तिमी हामीसँगै साझेदार होऊ, र हामी लूटको थैलोबाट बाँड्नेछौं।" १५ हे मेरो छोरो, तिनीहरूसँग नजाऊ तिनीहरूको मार्गमा खुट्टै नराख्नु १६ किनकि तिनीहरूका खुट्टा पाप गर्न हतारिन्छन्, तिनीहरू रक्तपात गर्न आतुरी गर्छन्। १७ सबै पक्षीहरूका नजरको सामु जाल फैलाउनु कति व्यर्थ! १८ यी मानिसहरू आफ्नै गतको लागि ढुकिरहन्छन्, तिनीहरू आफै जाकिन ढुकिरहन्छन्! १९ बेईमानीसित कमाउनपट्टि लाग्नेहरू सबैको अन्त्य यस किसिमले हुन्छ, यसरी धन आर्जन गर्नेको जीवन त्यसैले छिनेर लैजान्छ। २० बुद्धि सड़कहरूमा चर्को

सोरले कराउँछ, त्यसले आफ्नो आवाज बजारहरूमा उचाल्छ, २१ होहल्लाले भरिएका गल्लीहरूका पर्खालमाथिबाट त्यो चिच्च्याउँछ, सहरका मूल ढोकाहरूमा यसरी त्यसले भाषण गर्छः २२ "हे निर्बुद्धि हो, कहिलेसम्म तिमीहरू आफ्नो बुद्धिहीन मार्गलाई प्रेम गरिरहनेछौ? कहिलेसम्म खिल्ली उड़ाउनेहरू खिल्ली उड़ाइरहनमा मग्न भइरहने र मूर्खहरूले ज्ञानलाई घृणा गर्दैरहने? २३ यदि मेरो हप्की तिमीहरूले ग्रहण गरेका भए, म आफ्नो हृदयका कुराहरू तिमीहरूसँग पोख्नेथिएँ र मेरा विचारहरू तिमीहरूलाई थाहा गराउनेथिएँ। २४ तर मैले बोलाउँदा तिमीहरूले इन्कार गरेका हुनाले र मैले आफ्नो हात फैलाउँदा कसैले ध्यान नदिएको हुनाले, २५ मेरा सबै अर्तीलाई तिमीहरूले बेवास्ता गरेका हुनाले र मेरो हप्की ग्रहण नगरेका हुनाले, २६ तिमीहरूलाई आपत्ति आइपर्दा म हाँस्नेछु, विपत्तिले तिमीहरूलाई छोप्दा म खिल्ली उड़ाउनेछु– २७ जब आँधीबेहरीझैं तिमीहरूलाई विपत्तिले ढाक्छ, जब भुमरीझैं आपत्ति तिमीहरूमाथि मड़ारिएर आउँछ, जब सङ्कष्ट र दुःखले तिमीहरूलाई डुबाउँछन्। २८ "तब तिनीहरू मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैन, तिनीहरूले मेरो खोजी गर्नेछन्, तर मलाई भेट्टाउनेछैनन्। २९ तिनीहरूले ज्ञानलाई घृणा गरेका हुनाले र परमप्रभुको भय मान्न नचाहेका हुनाले, ३० तिनीहरूले मेरो अर्ती ग्रहण नगरेका हुनाले र मेरो हप्की तिरस्कार गरेका हुनाले, ३१ तिनीहरूले आफ्नो चालचलनको फल भोग्नेछन् र आफ्ना कपट योजनाको फलले आफै लादिनेछन्। ३२ आफ्नै मनमानीपनले गर्दा निर्बुद्धिहरू मर्नेछन्, र मूर्खहरूको आफ्नै निश्चिन्तताले तिनीहरूमाथि नाश आइपर्नेछ। ३३ तर मैले भनेको कुरा जस-जसले सुन्छन् तिनीहरू सुरक्षामा जिउनेछन्, र हानि-नोक्सानीको डरैविना ढुक्क रहनेछन्।"

**बुद्धि र निर्बुद्धी अर्थात मूर्खतालाई तुलना गर्दै बाइबलले त्यसको चिरफार गर्दछ। मूर्खतापूर्ण व्यवहार र मूर्खहरूलाई साथी बनाएर तिनीहरूको लहैलहैमा लाग्नु कतिको खतरा छ भनेर हितोपदशेको पुस्तकले हामी सबैलाई बुझाउन खोज्दछ। परमेश्वरले के भन्न चाहनुभएको छ त्यो स्पष्ट छ साथै बुद्धि र मूर्खताको बीचमा के भिन्नता छ त्यो पनि स्पष्ट छः उहाँका जनहरू बुद्धिको पछि लागुन् र त्यसलाई खोजुन् भन्ने परमेश्वरको चाहना हो। बुद्धिलाई धनसम्पत्ति जस्तै सम्हाली राख र त्यो पनि थोरै होइन प्रसस्त होस् भन्ने परमेश्वर चाहनुहुन्छ।**

विभिन्न कला वा विषय र विज्ञानहरूका विद्यार्थीहरूले आआफ्नो दक्षता अनुसार ज्ञान हासिल गर्न र आफ्नो अध्ययनमा उच्चतम हासिल गर्न प्रयास गर्दछन्। हामीमा भएको ज्ञान, दक्षता र प्रतिभाले हामीले सिकेका अनेकौं ज्ञान र विज्ञानहरूलाई प्रगतिशील बनाउन सक्छौं।

यद्यपि, बाइबलको दृष्टिकोणमा विभिन्न विषय वा कला र विज्ञानहरूको ज्ञान हासिल गर्नुको के अर्थ छ यदि हामीले ठीक र बेठीक छुट्याउन सकेनौं, असल र खराबलाई चिन्न सकैनौं वा सत्य र असत्य वा गलतलाई अलग गर्न सक्दैनौं? यो कुराको उदारणको निम्ति हामी धेरै गहिरो गरि जानुपर्दैन। विश्वका कतिपय नामुद सङ्गितकार, चित्रकार, विद्धान भनाउँदाहरू वा दार्शनिकहरूको जीवन अलिकतिमात्र हेर्‍यौं भने पुग्छ। तिनीहरूमा महान् दक्षता र प्रतिभाहरू छन् तर तिनीहरूको नैतिक वा आदर्श जीवन खस्किएको छ भने त्यसबाट तिनीहरूलाई कति नै लाभ होला र? (कतिपय समयमा कतिपय तिनीहरू युवा वा कलिलो अवस्थामानै मृत्युको मुखमा पर्दछन् किनभने तिनीहरूको नैतिक र जीवनशैली कसैको निम्ति उदारणीय हुँदैन)। विश्वका कतिपय महान् वैज्ञानिकहरू महान् शिक्षित होलान्, अत्यन्तै प्रतिभाशाली होलान्, विश्वविख्यातै होलान्, असाधारण सृजनात्मक वा जिनियस होलान्, अनेकौं पुरस्कारहरूले पुरस्कृत होलान् तर अनेकौं जैविक, रासानयीक, अणुबम, मिसाइल जस्ता अनगिन्ति मानिसहरूलाई ध्वस्त बनाउनेकाममा दिलोज्यान दिएर खटियो भने तिनीहरूको कामका फलहरू के हुन् र? (यो पनि ध्यान दिनु जरुरी छ कुनै पनि राज्यसंस्था, राष्ट्र वा विश्वलाई तहसनहस पार्ने मानिसहरू अजान वा अज्ञानी, मजदुर वर्ग र गरिबहरू होइन तर ठूला ठूला शिक्षित वर्गहरू नै हुन् भन्नेमा कोही दुईमत छ त?) त्यसकारण ज्ञान आफै असलै हुन्छ भन्ने आवश्यक छैन।

हितोपदेश १:७ पढ्नुहोस्। सही र सत्य इसाई शिक्षाको साँचो के छ भनेर त्यसले कसरी प्रकट गर्दछ? "परमप्रभुको भय वा उहाँमाथि श्रद्धा राख्नु र उहाँको उपस्थितिको अनुभव गर्नु नै ज्ञानको सुरु हो, तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्दछ वा हेप्दछ।" (रूपान्तरित)।

एक जना विश्वविख्यात नोबेल पुरस्कार पाउने नास्तिक वैज्ञानिक जसले ब्रम्हाण्ड, तारामण्डल आदिको अध्ययन गर्छन् जसलाई खगोलशास्त्री पनि भनिन्छ र ती ब्रम्हाण्डलाई हाँक्ने शक्तिहरूको बारेमा अध्ययन गर्ने क्रममा उनी लेख्छन् "जति यस जगत वा ब्रम्हाण्डका बारेमा अध्ययन गर्छौं त्यति अज्ञ

हामी बुझ्न नसक्ने भइरहेका हुन्छौं र त्यसको अध्ययन गर्न पनि बेकार जस्तै लाग्छ।" ज्ञान आफैपनि अर्थहीनमात्र होइन अझ त्यसले महान् गलत दिशातिर लान सक्छ भनेर उक्ति वैज्ञानिकको भनाइले कसरी पुष्टि गर्छ?

## ५. परमेश्वरले अय्यूबलाई जवाफ दिनुहुन्छ

अय्यूब ३८ ध्यान दिएर पढ्नुहोस्। यसमा हामीलाई परमेश्वरको बारेमा के सिकाउँछ? उहाँ कैवल सृष्टिकर्तामात्र होइन सारा जीव जिवातको संभारकर्ता पनि हुनुहुन्छ भनेर देखाउन खोजिएको छ? हामी जुनसुकै कला वा विषयबस्तु र विज्ञानहरूलाई बुझ्न खोज्छौं परमेश्वर सृष्टिकर्ता र संभारकर्ता हुनुहुन्छ भन्ने सत्यले हामीलाई कसरी प्रभावित पार्नुपर्दछ? हेर्नुहोस्, "१ तब परमप्रभुले अय्यूबलाई आँधीबेहरीबाट यसरी जवाफ दिनुभयोः २ "यो को हो जसले मूर्ख कुराहरू गरेर मेरो सल्लाहलाई धमिल्याउन खोज्छ? ३ तिम्रो कम्मर कसेर मर्दझैं खड़ा हो, म तिमीलाई सवाल गर्छु, र तिमीले मलाई जवाफ देऊ। ४ "पृथ्वीको जग मैले बसाल्दा तिमी कहाँ थियौ? तिमीले बुझ्छौ भने मलाई बताऊ। ५ त्यसको नाप कसले ठहरायो? तिमीले ता जान्नुपर्ने! कसले त्यसमा नापको डोरी टाँग्यो? ६ त्यसलाई थाम्ने खम्बाहरू कहाँ अड्याइएका छन्? त्यसको जगको ढुङ्गा कसले बसाल्यो? ७ जब त्यस दिनको मिरमिरे उज्यालोमा ताराहरूले एकसाथ गाए, र स्वर्गदूतहरू रमाहटले कराए। ८ "समुद्र पृथ्वीको गर्भबाट फुटेर निस्कँदा त्यसलाई रोक्न कसले ढोकाहरू बन्द गऱ्यो? ९ जब मैले त्यसलाई बादलको कम्बलले ढाकें, र बाक्लो कुइरोले त्यसलाई लपेटें। १० त्यसका ढोकाहरू र आग्लाहरू ठीक ठाउँमा राखेर, जब मैले त्यसका सिमाना ठहराएँ, ११ र मैले भने, 'यतिसम्म मात्र तँ आउन सक्छस्, अरू यता आउन सक्दैनस्, तेरा शक्तिशाली छालहरू यही नै रोकिनुपर्छ'। १२ "तिम्रो जीवनकालमा के तिमीले कहिल्यै बिहानीलाई आज्ञा गरेका छौ? अथवा प्रभातलाई त्यसको ठाउँ देखाएका छौ? १३ र यसले पृथ्वीको छेउ समातेर दुष्टहरूलाई त्यहाँबाट हटाउन त्यसलाई हल्लाओस्? १४ माटोले टाँचाको मुन्तिर आकार लिएजस्तै पृथ्वीले आकार धारण गर्छ, त्यहाँका आकृति लुगाको जस्तै प्रष्ट देखिन्छन्। १५ दुष्टहरूलाई प्रकाश दिइँदैन र तिनीहरूका उठाइएका हात भाँचिन्छन्। १६ "के तिमी समुद्रको मूलहरूसम्म झरेका छौ? अथवा जानै नसकिने गहिराइमा हिँड़का छौ? १७ के मृत्युका मूल ढोकाहरू तिमीलाई प्रकट गरिएको छ? के तिमीले अँध्यारो ठाउँका ढोकाहरूलाई

कहिल्यै देखेका छौ? १८ के तिमीले पृथ्वीको विस्तृत फैलावटलाई बुझेका छौ? यी सबै तिमीले जानेको भए मलाई बताऊ। १९ "ज्योतिको मुहान कता छ? र अन्धकार कहाँ वास बस्छ? २० के तिमीले तिनीहरू हरेकलाई तिनीहरूका ठहराएका सिमानामा लैजान सक्छौ? र तिनीहरूका घर जाने बाटो तिमीलाई थाहा छ? २१ निःसन्देह तिमीले यी सबै कुरा जान्दछौ होला, किनकि तिमी जन्मिसकेका थियौ! तिमी कति धेरै वर्ष बाँचिसक्छौ! २२ "के तिमी हिउँको भण्डारमा पुगेका छौ? अथवा असिना थुपारेको स्थान तिमीले देखेका छौ? २३ जो मैले विपत्तिको दिन, युद्ध र लड़ाइँको घड़ीको निम्ति जोगाएर राखेको छु। २४ कुन बाटोहरूदेखि बिजुली यताउता फैलिन्छ, अथवा पूर्वीय बतास पृथ्वीमा चारैतिर उड़ाइन्छ? २५ महावृष्टिको लागि कसले नहर खनेको छ? र तूफानको निम्ति बाटो कसले तयार गरेको छ? २६ निर्जन ठाउँमा उजाड़-स्थानलाई भिजाउनका निम्ति २७ उजाड़ र रूखो जमिनहरूलाई हरियोभरियो बनाउनलाई र सुक्खा जमिनमा घाँसहरू उमार्नलाई कसले बाटो तयार गऱ्यो? २८ के वृष्टिको कुनै बाबु छ? शीतको थोपालाई जन्माउने बाबु को हो? २९ कसको गर्भले हिउँलाई जन्मायो? आकाशबाट झर्ने तुसारोको आमाचाहिँ को हो? ३० कहिले पानी ढुङ्गाजस्तै कड़ा बन्दछ, कहिले गहिरो महासागरको सतह जम्छ? ३१ "के तिमीले किरकिटी ताराहरूलाई बाँध्न सक्छौ? अथवा मृगशिराको पुञ्जलाई फुकाल्न सक्छस्? ३२ के तिमीले गृह नक्षत्रहरूलाई तिनका ऋतु-ऋतुमा निकाल्न सक्छौ? अथवा सप्तर्षि-तारा र तिनका दललाई डोऱ्याउन सक्छौ? ३३ आकाशको शासन गर्ने नियमहरूलाई के तिमीले जानेका छौ? पृथ्वीको प्राकृतिक नियमहरूलाई तिमीले ठहराउन सक्छौ? ३४ र आफूलाई पानीको भलले ढाक्न सक्छौ? ३५ के तिमीले बिजुलीलाई तिनीहरूको मार्गमा पठाउँछौ? के तिनीहरूलाई 'हामी यहाँ छौं' भनी तिमीलाई भन्छन् र? ३६ कसले हृदयलाई बुद्धि दियो? अथवा मनलाई समझदारी दियो? ३७ को यस्तो बुद्धिमानी छ जसले मेघलाई गन्न सक्छ? र आकाशमा भएको पानीको भण्डारलाई रित्त्याउँछ? ३८ कहिले धूलो माटो कड़ा हुन्छ, र माटोको डल्ला एकसाथ टाँसेर बस्छ? ३९ "के सिंहनीको निम्ति तिमीले शिकार खोजिदिन्छौ? र सिंहको भोकलाई तैंले तृप्त पार्न सक्छौ? ४० जब तिनीहरू आफ्नो ओड़ारमा ढुकिबस्छन्, अथवा आफू लुकेको ठाउँमा पर्खिरहेका हुन्छन्? ४१ कागका बचेराहरूले खानेकुराको अभावमा परमेश्वरको पुकारा गर्दा, कसले कागलाई त्यसको आहार जुटाइदिन्छ?"

"भौतिक पदार्थमा महत्त्वपूर्श शक्ति वा उर्जा लुकिएको हुन्छ भनेर कतिपयले सिकाउँछ। केही निश्चित कतिपय बस्तुहरू त्यस पदार्थलाई नै सुम्पिएको हुन्छ, र आफूसँग भएको उर्जा आफैलाई परिचालन गर्छ र प्रकृतिमा भएको तोकिएका नीतिहरूसँग तालमेल गरेर त्यो पदार्थ वा बस्तु चल्दछ जसलाई परमेश्वर आफैले हस्तक्षेप गर्न सक्नुहुन्न भनेर वैज्ञानिक भनाउँदाहरूले सिकाउँदछ। यो विज्ञान झुटो हो र यो परमेश्वरको वचनले सम्हालेको छैन। प्रकृति सृष्टिकर्ताको सेवक हो।...वौद्धिक ज्ञानको उपस्थिति र सक्रिय उर्जा प्रकृतिका नियम अनुसार र नियमद्वारा काम गर्छ भनेर प्रकृतिले प्रमाणित गर्दछ। परमेश्वर पिता र पुत्रले नियमितरूपमा काम गरिरहनुहुन्छ भनेर प्रकृतिले देखाउँछ। येशू ख्रीष्टले भन्नु भयो, 'मेरा पिताले काम गरिरहनुहुन्छ, र म पनि काम गरिरहेको छु' यूहन्ना ५:१७।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ११४बाट रूपान्तरित।

अगाडि भनिएको जस्तै कतिपय विज्ञानहरू नास्तिक र भौतिकवादीले ग्रस्त भएर आफ्ना अवधारणाहरू प्रस्तुत गर्छन्। त्यसको अर्थ कुनै नास्तिक वैज्ञानिकले एक टक लगाएर कुनै अत्यन्तै सुन्दर थोकले हेर्न सक्छ, अत्यन्ति जटिल आकारलाई हेर्न सक्छ, अत्यन्तै सुन्दर र जटिल आकारको बस्तु भएतपनि त्यो अचानक देखा परेका हुन् र त्यो बनिने कुनै योजना थिएन न त त्यो बनाउने अभिप्राय नै थियो भनेर सिकाउन सक्दछ।

यही नै साँच्चै भनौं भने विज्ञानको दावी सिधैं भइरहेको छ। यस संसारमा भएको जीवन, प्रकृतिमा भएका सौन्दर्यता र जटिलता-चाहे पुतली होस् वा मानव प्राणी होस्- त्यसको अस्तित्वको कुनै अर्थ छैन। त्यो खरबौं वर्षको कुनै रासायनीकबाट अचानक सानो जीवन निस्क्यो, जथाभावी मिलेर र प्रकृतिले छानिएको अनुसार सबै जीवहरू देखा परे, तिनीहरू चल्दछन् र आज सास फेर्दछन् रे!

अलौकिक सृष्टिकर्ता हुनुहुन्छ भन्ने धारणा नै विज्ञान सम्मत छैन भनेर वैज्ञानिक भनाउँदाहरूले अहिले तर्क गरिरहेकाछन। परमेश्वरलाई प्रयोगशालमा वैज्ञानिकतवरले जाँच्न नसकिने भएकोले परमेश्वरसँग विज्ञानको कुनै सरोकार छैन। तर यो अनुमानित ज्ञान विज्ञान आफैले सिकाएको त होइन (बरू जतिजति पृथ्वीका सुन्दरता र जटिलता औंल्याइन्छ त्यतित्यति त्यसको उत्पत्तिले सृष्टिकर्तालाई औल्याउँछ)। तर परमेश्वरलाई विश्वास नगर्ने दार्शीनिकहरूको नास्तिक दर्शन ती वैज्ञानिकहरूको दिमागमा जबरजस्ती लादिएको हो।

परमेश्वरले सबै थोक सृष्टि गर्नुभयो मात्र होइन उहाँले सबै थोक संभार गर्नुहुन्छ भनेर सिकाउने बाइबलको शिक्षालाई के गर्ने त? त्यसको अर्थ कुनै पनि सत्य वा सहि इसाई शिक्षा साधारण विज्ञान वा नास्तिक वैज्ञानिकहरूको धारणाले दावी गरेको मौलिकरूपमै परिवर्तन गर्न सिकाउनुपर्छ। सबै थोकको सृष्टि कसरी भयो भन्ने कुरामा मानिसको विज्ञान र बाइबल जहिले पनि बाझिरहेकै हुन्छ।

## उपसंहार:

थप जानकारीः कतिपय कुराहरूमा विज्ञान ठीक भएतापनि दुईवटा कारणहरूमा विज्ञान गलत छः पहिलो, प्राकृतिक संसारको अध्ययन गर्ने विज्ञानले प्रकृतिका सबै थोकहरूको जवाफ प्रकृतिबाट नै पाउनु पर्छ, दोस्रोमा, प्रकृतिका नियमहरू परिवर्तन नभइ निरन्तररूपमा त्यस्तै चलिरहनुपर्छ भनेर विज्ञानले गर्ने अनुमान। तैपनि प्रकृतिको सुरू कसरी भयो कुरामा तिनीहरू गलत छन्।

पहिलो तर्कको कुरा गरौं। त्यसमा प्रकृतिको घट्ना हुन प्रकृतिकै कारणले हुनुपर्छ। हुरीबतास, वर्षा आदिको बारेमा अनुमान गर्न ठीकै होला तर जब "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१) कुरालाई अस्वीकार गर्दा त्यो हुरीबतास कहाँबाट आयो भन्ने कुराको जानकारीमा तिनीहरू अत्यन्तै गलत साबित भएको हुन्छ। कुनै पनि थोकको सुरुवात अलौकिक वा परमेश्वरबाट भएको परिप्रेक्षमा प्रकृतिको सुरुवात अलौकिक प्रक्रियाबाट भएको थियो भनेर अस्वीकार गर्ने विज्ञानले हामीलाई के सिकाउन सक्छ र?

र प्रकृतिको निरन्तरता? झट्ट हेर्दा ठीकै लागेतापनि रोमी ५:१२लाई के भन्ने? "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" यसले प्राकृतिक संसारको वातावरण र त्यसको गुणस्तरमा फरक हुन गइरहेको छ भनेर बताउँछ भने विज्ञानको अनुमान वेठीक हुन गएको छ। पापको अस्तित्व नभएको संसार अहिले हामीले अध्ययन गर्ने संसारभन्दा मौलिकरूपमै फरक थिए। त्यसले गर्दा संसारको सुरूदेखि प्रकृति जसरी चलिरहेको थियो त्यसरी नै चलिरहन्छ भन्ने धारणापछि लाग्दा हामी गलत बाटोमा लागिरहेका हुन्छौं।

त्यसैकारण यस संसारको उत्पत्तिको बारेमा विज्ञान गलत छ किनभते सृष्टिको दुई पक्षहरूलाई यसले अस्वीकार गर्दछः यस संसार सृष्टि हुँदा त्यसको

**पछाडि अलौकिक शक्ति थियो र सुरूको संसारभन्दा अहिलेको भौतिक संसारमा भइरहेको अनिमयमता वा प्रकृतिको नियम निरन्तररूपमा सुरूदेखि त्यही तरिकाले चलिरहेको छ।**

**चिन्तनमननः**

अ. सुन्दरता वा सौन्दर्यता भनेको के हो? त्यसको परिभाषा के हो? येशूलाई विश्वास गर्नेले परिभाषित गर्ने सौन्दर्यता र येशूलाई विश्वास नगर्ने सौन्दर्यताको परिभाषा र बुझ्नुमा के भिन्नता हुनसक्छ?

आ. अत्यन्तै विलक्षण वैज्ञानिक हुनुभएर र कसैले नगर्ने अनुसन्धान गर्न येशू आउन सक्नुहुन्थ्यो। उहाँ एक प्रखर सङ्गीतज्ञको रूपमा मनमुग्ध पार्ने सङ्गीत बजाउने हुन सक्थ्यो। तर त्यसको सट्टामा मानिसले नगर्ने सिप भएका मानिसहरूलाई तालिम दिन उहाँ आउनुभयो। सृष्टिमा उहाँको उपस्थिति थियो। तर उहाँले धर्मका पण्डित वा गुरुहरूलाई तालिम दिनुभयो र उहाँले आफ्नो कर्तव्यहरूको पालन गर्नुभयो। जुनसुकै हाम्रो शैक्षिक संस्थामा हामी भएतापनि वा जुनसुकै दक्षता हासिल गरे अघि बढेतापनि येशूको त्यो कदमले हामीलाई कस्तो साहस वा उत्साह दिन सक्छ?

इ. सबै इसाईहरूलाई स्कूल वा कलेजहरूमा पढाउन आह्वान गरिएको हुँदैन, तैपनि आफ्नो वचन र कामद्वारा तिनीहरूले थाहै नपाइ अरूलाई केही न केही सिकाइरहेको हुनसक्छ र? यसले गर्दा इसाईहरूमा कस्तो बानी व्यहोरा अपनाउनुपर्छ? तिनीहरू येशूको छात्र र संसारको शिक्षक हुने भूमिका खेल्न कस्तो जीवनशैली अपनाउनुपर्छ?

# कथा १०
# घरमा सिँह छ!
## सामसन गुलाममसीह, ४८, भारत

गुलाममसीहको दिमागमा परमेश्वरको बारेमा धेरै प्रश्नहरू थिए। जब ऊ सानै थियो तब उसको बुबाले हप्ताको दुई दिन दुईवटा आराधना सेवामा उसलाई लान्थे। एक दिन परिवारले आराधना गर्ने विभिन्न स्थानहरूमा लान्थे भने आइतबार विभिन्न इसाई चर्चहरूमा उसलाई लगिन्थ्यो। बुबाले कसको भक्त हुने कुरामा निर्णय गर्न सकेका थिएन। एक दिन परिवारको पवित्र पुस्तक बुबाले पढ्दै थिए उनी चिच्च्याएर भने, "यो के हो, यस पुस्तकमा त हाम्रो अगमवक्ताको भन्दा पनि येशूको नाउँ धेरै उल्लेख गरिएको छ! यसो किन भयो?" परिवारले आफ्नो परम्परा र इसाई विश्वास मिलाएर आफ्नै धार्मिक मतको सृजना गऱ्यो। जब गुलाम हुर्कंदै गयो तब उसको झुकाव इसाईतिर बढ्दै गएको थियो। उसले येशूको बारेमा झनझन सिक्न मन लगायो। आफ्नै आँखाले उसले येशूलाई देख्न चाहन्थे। "प्रभु येशू, म तपाईंलाई मुखामुख देख्न चाहन्छु" उसले प्रार्थना गऱ्यो। जब गुलाममसीह नव युवक भयो तब आफ्नो घर परिवार छोडेर आफ्नो गाउँभन्दा ताढा गाउँमा गएर एउटा छाप्रो बनाएर बसे। त्यो गाउँको नाउँ चकलाल थियो। धेरै हप्तासम्म आफै बाइबल पढ्न चाहन्थ्यो। गाउँलेहरू इसाई थिएनन्। गुलाममसीहलाई तिनीहरूले सशङ्कित भएर हेर्न थाले। गुलाम शान्त र दयालू स्वभावको थियो। जब गाउँका बिरामीहरू उसकहाँ आउँथे तब उसले तिनीहरूको निम्ति प्रार्थना गर्थ्यो। धेरै बिरामीहरू निको भएको थियो। गाउँलेहरूले उसलाई " पवित्र मानिस वा साधु" भनेर सम्बोधन गर्न थाले। गाउँलेहरूले त्यस साधुलाई सम्मान गर्न थाले र प्रत्येक बिहान र बेलुका उसलाई खानाहरू ल्याइदिए। छाप्रोमा उसले प्रार्थना गर्दैरहे र बाइबल बढ्दै रहे। उसले दानिएल र प्रकाशको पुस्तक पढ्यो। फेरि येशूलाई देख्न उसले प्रार्थना गऱ्यो। "प्रभु म तपाईंलाई देख्न चाहन्छु। मलाई तपाईंको दर्शन दिनुहोस्" गुलामले जोरसँग प्रार्थना गऱ्यो। एक दिन जब बाइबल पढेपछि प्रार्थना गर्दै थियो आफ्नो छाप्रोमा कोही न कोही आएको महसुस गऱ्यो। गुलाम माटोको भुइँमा बसिरहेको थियो। उसले आँखा उठाएर हेर्दा त एउटा ठूलो सिँह पो उसको अगाडि उभिरहेको। जब उसले सिहँलाई हेऱ्यो, सिहँ थचक्क बसेर गुलामको

आँखामा सिधै हेऱ्यो। गुलामको सातो पुल्टो गयो। त्यस सिहँको सामु ऊ कऱ्याककुरुक भयो। अनि उसले एउटा पुरुषको आवाज सुन्यो "न डराऊ। तिमीले त्यस सिहँको शिरदेखि पुच्छरसम्म हात लगाऊ।" "म यो गर्न सक्दिनँ। सिँहले मलाई मार्छ" उसले चिच्यायो। "तर तिमीले मलाई हेर्न प्रार्थना गर्दै थियो होइन त?" त्यस आवाजले भन्यो। "म त येशूलाई हेर्न प्रार्थना गर्दै थिएँ" गुलामले जवाफ दियो। "येशू यहूद कूलको सिँह हुनुहुन्छ। उसलाई सुमसुम्याऊ" त्यस आवाजले भन्यो। प्रकाश ५:५मा येशूलाई यहूदाको सिँह भनेर लेखेको गुलामले पढेको थियो। तर उसलाई डर लागिरहेको थियो। तर त्यस आवाजको खिलाफमा ऊ जान चाहेन। थर थर काँपिरहेको एउटा हात उसले उचाल्यो र सिँहको टाउकोमा राख्यो। सिँह चलेन। काँप्दै गरेको हातले सिँहको टाउकोदेखि पुच्छरसम्म सुमसुम्यायो। जब गुलाम सिँहबाट पछाडि हट्यो तब सिँहले आफ्नो पुच्छर हल्लायो। उसले आफ्नो पुच्छरले भुईंमा धुलो उडाउने गरि हल्लायो। अनि राती नै त्यो सिँह उसको छाप्रोबाट बाहिर निस्क्यो। भोलिपल्ट बिहान एउटा गाउँले स्त्री खाना लिएर गुलामको छाप्रोमा आइन्। तब उनी टक्क उभिइन्। उनले सिँहको पाइलाहरू देखिन्। खाना त्यहीँ छोडेर उनी गाउँमा डगुरेर गइन्। "साधु त मरिसक्यो। उसलाई सिँहले माऱ्यो। मैले सिँहका पाइलाहरू देखेँ" चिच्याउँदै गाउँलेहरूलाई उनले सुनाइन्। गाउँलेहरू डगुरेर छाप्रोमा आए। गुलाम त छाप्रोको भुईंमा बसिरहेको थियो। ऊ बाइबल पढ्दै थियो। सिँह निस्केपछि ऊ अलिकति पनि चलेको थिएन। जब गाउँलेहरूले गुलामबाट सिँहको र आवाजको बारेमा सुने तब तिनीहरू चकित भए। तिनीहरूले पनि येशूको बारेमा सिकाउन बिन्तिभाऊ गरे।

पछि गुलामले साबथको बारेमा सिक्यो र सेभेन्थ-डे एडभेन्टिस्ट पास्टर भयो। उनले आफ्नो गाउँमा एडभेन्टिस्ट चर्चको स्थापना गऱ्यो। त्यो गाउँ भारतको उत्तरमा रहेको धरामकोटबागा हो। उसले बिवाह गऱ्यो। पाँचवटा छोराहरू र दुईवटी छोरीहरू जन्माए। जब ऊ ९० वर्षको थियो सन १९९९मा उसको देहान्त भएको थियो। उसको कान्छो छोरो सामसन हो जो ४८ वर्षको छ। सिँहको अनुभवले गर्दा उसले परमेश्वरको स्तुति गर्छ। "हाम्रा हृदयका चाहनाहरू पूरा गर्न परमेश्वर धेरै मन पराउनुहुन्छ" उसले भन्यो।

-लेखक आन्ड्र्यु मेकचेस्नी